# अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयनसम्बन्धी सहजीकरण पुस्तिका, २०८०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयनसम्बन्धी सहजीकरण पुस्तिका,

# २०८०


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

यो अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालनसम्बन्धी सहजीकरण पुस्तिका, २०८० शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग समझदारी पत्र (MOU) गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने संस्थाको लागि तयार गरिएको हो । अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान तथा सिपको अभिलेखीकरण एवम् प्रमाणीकरण गर्ने प्रयोजनार्थ विकास गरिएका पाठ्यक्रम तथा सिकाइ सामग्री सक्षमतामा आधारित छन् । तसर्थ सक्षमता प्राप्तिका लागि तयार भएका पाठ्यक्रम, सिकाइ सामग्री, सहजीकरण प्रक्रिया, सिकारु मूल्याङ्कन प्रक्रिया आदि पक्षमा सकेसम्म एकरूपता ल्याउने गरी तयार गरिएको छ । यस्तै प्रकारका कार्यक्रम कार्यान्वयन गर्ने अन्य सङ्घ संस्थाले समेत यो सामग्रीलाई स्रोत सामग्रीको रूपमा प्रयोग गर्न सक्ने छन् । कार्यक्रम कार्यान्वयनको क्रममा निरन्तर प्राप्त हुने सुझाव तथा नीतिगत व्यवस्थाका आधारमा भविष्यमा यस सामग्रीलाई थप सुधार गरिदै लगिने छ ।

# भूमिका

शिक्षा प्राप्त गर्नु व्यक्तिको मौलिक हक हो । नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क गरेको छ । त्यसै गरी राष्ट्रिय शिक्षा नीतिले शिक्षाका सबै विधि र मार्ग खुला गर्दै व्यक्तिले औपचारिक, अनौपचारिक एवम् अतिरिक्त जुनसुकै माध्यमबाट पनि शिक्षा प्राप्त गर्न सक्ने अवसरको सुनिश्चितता प्रदान गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले विद्यालय शिक्षाको अवरबाट वञ्चित बालबालिकाहरूका लागि आधारभूत तहसम्म वैकल्पिक शैक्षिक माध्यमबाट र माध्यमिक तहमा अनौपचारिक तथा खुला सिकाइको माध्यमबाट शिक्षा प्राप्त गर्न सुनिश्चता गरेको छ । त्यसै गरी राष्ट्रिय योग्यता प्रारूपले अनौपचारिक माध्यमबाट सिकेका ज्ञान तथा सिपलाई परीक्षण गरी प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

विविधतायुक्त हाम्रो मुलुकमा भौगोलिक विकटता, गरिबी तथा कमजोर आर्थिक अवस्था, लैङ्गिक विभेद जस्ता अन्तरसम्बन्धित जटिलताका कारण अझै पनि विद्यालय उमेरका सबै बालबालिकालाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन कठिन भइरहेको अवस्था छ । तसर्थ विद्यालयबाहिर रहेका बालबालिकाहरूका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तहगत रूपमा संश्लेषित पाठ्यक्रम तथा सिकाइ सामग्री विकास गरी वैकल्पिक र अनौपचारिक तथा खुला सिकाइको माध्यबाट शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गरिएको छ । अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सबैका लागि शिक्षा प्राप्तिको सुनिश्चतताका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग समझदारी पत्र (MOU) गरी विभिन्न विकास साझेदार संस्थाहरूबाट सञ्चालनमा आएका अनौपचारिक शिक्षाका कार्यक्रम कार्यान्वयनमा सहजीकरण गरी एकरूपता ल्याउन यो सहजीकरण पुस्तिका तयार गरिएको छ । यसबाट कार्यक्रमको योजना तर्जुमादेखि मूल्याङ्कनसम्मका सम्पूर्ण चरणहरूलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउनुको साथै लाभग्राहीप्रतिको जवाफदेहता अभिवृद्धि गर्न कोशेढुङ्गा हुने अपेक्षासमेत राखिएको छ ।

प्रस्तुत पुस्तिका तयार गर्ने क्रममा सहयोग गर्नुहुने युनिसेफ, समुन्नत नेपाल र अमुल्य सुझाव प्रदान गर्नुहुने विकास साझेदार संस्था, विज्ञ, शिक्षा तथा मानव स्रोत विकास केन्द्र परिवारप्रति हार्दिक आभार व्यक्त गर्छु । साथै यस सामग्रीलाई जीवन्त बनाउँदै लैजानका लागि प्रयोगकर्ता एवम् विशेषज्ञ महानुभावबाट रचनात्मक सुझावको अपेक्षा गर्छु ।

धन्यवाद ।

२०८०

**दीपक शर्मा**

महानिर्देशक

# विषय सूची


पेज नं.

**परिच्छेद १ : पृष्ठभूमि** ........ १
१. परिचय ........ १
२. वर्तमान अवस्था ........ १
३. सन्दर्भ र औचित्य ........ ५

**परिच्छेद २ : अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था** ........ ७
१. नेपालको संविधान ........ ७
२. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ........ ७
३. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ........ ७
४. राष्ट्रिय शिक्षा नीति, २०७६ ........ ८
५. पन्ध्रौँ योजना (२०७६/०७७-२०८०/०८१) ........ ८
६. सोह्रौँ योजनाको अवधारणापत्र ........ ९
७. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ........ ९
८. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८० ........ ९
९. विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१-२०३०) ........ ९
१०. दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) ........ १०
११. साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्र ........ १०

**परिच्छेद ३ : अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको उद्देश्य तथा सिकाइका स्वरूप** ........ ११
१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका उद्देश्य ........ ११
२. सिकाइका स्वरूप ........ ११

**परिच्छेद ४ : अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम कार्यान्वयन प्रक्रिया** ........ १३
१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रक्रिया १३
  क. साक्षरता कार्यक्रम ........ १३
  ख. वैकल्पिक शैक्षिक कार्यक्रम (तह १-३) ........ १५
  ग. अनौपचारिक तथा खुला सिकाइ (तह ४-५) ........ २२
  घ. आजीवन सिकाइसम्बन्धी (राष्ट्रिय योग्यता प्रारूप) कार्यक्रम ........ २९

## परिच्छेद १
# पृष्ठभूमि

## १. परिचय

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्र वृहत छ । अनौपचारिक शिक्षालाई साक्षरता शिक्षासँग मात्र सीमित नराखी अबका दिनमा औपचारिक, अनौपचारिक र अनियमित शिक्षाबिच अन्तरसम्बन्ध स्थापित गर्दै अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञान, सिप, दक्षता र योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्दै अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालयको शिक्षाको समकक्षी बनाउने नीति रहेको छ । त्यसै गरी आगामी दिनमा खुला शिक्षाको अवसर बढाउनका लागि विद्यालय तथा खुला शिक्षण संस्थाको विकास गर्दै खुला विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामग्रीको विकास गर्नुपर्ने देखिन्छ ।

संविधानमा सुनिश्चित गरिएको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य नम्बर ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवम् आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्न जरुरी छ ।

## २. वर्तमान अवस्था

नेपालमा औपचारिक शिक्षाको थालनी नहुँदै अनौपचारिक शिक्षाका विभिन्न आयाम र अभ्यासहरू प्रचलनमा थिए । वि.सं. २००४ सालमा आधार शिक्षाको सुरुवात सँगै आधारभूत साक्षरता कार्यक्रम सञ्चालनमा आएको पाइन्छ । वि.सं. २०१३ मा नेपालमा पहिलो पटक अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ शिक्षाको सुरुवात भएको थियो । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले प्राथमिक तहको उद्देश्य साक्षर बनाउने र प्रौढ शिक्षालाई साक्षरता फैलाउने र कार्यमूलक प्रौढ साक्षरता गरी २ भागमा विभाजन

गरी प्रौढ शिक्षाका कार्यक्रम सञ्चालन गरेको पाइन्छ । त्यसै गरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले साक्षरता अभियानका लागि सरकारले नियमित कोषको अलवा एक अतिरिक्त कोष खडा गर्ने र केन्द्रीय तहमा रहेको प्रौढ शिक्षा शाखालाई अनौपचारिक शिक्षा महाशाखामा रूपान्तरण गरी सोही बमोजिम जनशक्तिको व्यवस्थापन गर्नुपर्ने सुझाव दिएको थियो ।

वि.सं. २०१३ सालदेखि सुरु भएको पञ्चवर्षीय योजना हुँदै पन्ध्रौँ योजनाको अन्त्यसम्म आइपुग्दा सरकारले साक्षरता, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका क्षेत्रमा उल्लेख्य लगानी गरेको पाइन्छ । वि.सं. २०४५, वि.सं. २०६५ र वि.सं. २०६९ साल गरी तीन चरणमा सात वर्षसम्म राष्ट्रिय अभियानका रूपमा प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गरियो । सन् २००० देखि सहस्राब्दी विकासका लक्ष्य र सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रसङ्घीय घोषणा अन्तर्गत ठुलो राशीको वैदेशिक सहायता परिचालन गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरिए । वि.सं. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएपश्चात आधारभूत प्रौढ साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन, अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक विद्यालय जस्ता कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरिए । वि.सं. २०७० सालमा साक्षर जिल्ला घोषणा अभियान, आ.व. २०७१/०७२ लाई निरक्षरता उन्मूलन वर्षको रूपमा मनाउनेसम्मका कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन भए ।

अनौपचारिक शिक्षालाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्ने उद्देश्यले अनौपचारिक शिक्षा नीति २०६३, अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६४, अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वनय पुस्तिका २०७२, साक्षर नेपाल अभियान (२०६९-२०७२) अवधारणा पत्र, राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५, प्रौढहरूका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५, निर्माण गरी कार्यान्वयन गरियो । राष्ट्रिय नीति २०७६ स्वीकृत पश्चात हाल अनौपचारिक शिक्षा नीति २०६३ खारेज गरिएको छ । कतिपय निर्देशिकाहरूलाई विद्यमान नीतिअनुरूप खारेज तथा अद्यावधिक गर्नुपर्ने अवस्था छ । मुलुकमा सङ्घीयताको कार्यान्वयनपश्चात अनौपचारिक शिक्षा केन्द्र खारेज भएको र हाल अनौपचारिक शिक्षा केन्द्रले गर्दै आएका कार्यहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखाबाट सम्पादन हुँदै आएका छन् ।

नेपालमा आजीवन सिकाइलाई संस्थागत गर्न नसकिए पनि अनौपचारिक शिक्षाको विकासका लागि विभिन्न प्रयासहरू भइरहेका छन् । हाल नेपालको ५ वर्ष माथिको साक्षरता ७६.२ प्रतिशत पुगेको छ । त्यसै गरी १५ देखि ६० वर्ष उमेर समूहको साक्षरता ८५ प्रतिशत पुगेको छ । समुदायमा साक्षरता,

निरन्तर शिक्षा तथा आजीवन सिकाइका गतिविधिहरू सञ्चालन गर्नका लागि २,१५१ ओटा सामुदायिक सिकाइ केन्द्रहरू क्रियाशील रहेका छन् । त्यसै गरी प्रौढहरूका लागि १७१ ओटा अनौपचारिक विद्यालयहरूसमेत सञ्चालनमा रहेका छन् । हालसम्म ६४ ओटा जिल्लाहरूलाई साक्षर जिल्लाको रूपमा घोषणा गरिएको छ । खुला सिकाइ प्रवर्धन गर्न १२१ ओटा विद्यालयमा खुला सिकाइका कार्यक्रमहरू सञ्चालनमा छन् ।

हाल अनौपचारिक शिक्षा तथा आजीवन सिकाइतर्फको वर्तमान अवस्थालाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

***क) साक्षर नेपाल कार्यक्रम***

- वि.सं. २०६५ र वि.सं. २०६९ सालमा राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरियो ।
- आ.व. २०६७/०६८ मा घरधुरी सर्वेक्षणका माध्यमद्वारा निरक्षरहरूको विवरण सङ्कलन गरियो ।
- वि.सं. २०७२ मा सबै जिल्लामा सघन साक्षरता कार्यक्रम सञ्चालन भयो ।
- वि.सं. २०७१ सालबाट १५-६० वर्ष उमेर समूहको जनसङ्ख्यामध्ये ९५ प्रतिशत साक्षर भएमा साक्षर जिल्ला घोषणा गर्ने अभ्यासको थालनी गरियो ।
- आ.व. २०७१/ ७२ लाई निरक्षरता उन्मूलन वर्षका रूपमा मनाइयो ।
- वि.सं. २०७६ मा साक्षर नेपाल वर्षको अवधारणापत्र स्वीकृत गरी २ वर्षभित्रमा साक्षर नेपाल घोषणा गर्ने लक्ष्य लिइयो ।
- हालसम्म ६४ ओटा जिल्ला र ३ ओटा प्रदेश वागमती, गण्डकी र कोशी साक्षर प्रदेश घोषणा भएका छन् भने सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेश घोषणाको तयारीमा रहेका छन् ।
- नेपालको ५ वर्ष माथिको साक्षरता दर ७६.२ % पुगेको छ जसमध्ये पुरुष साक्षरता दर ८३.६% र महिला साक्षरता दर ६९.४% रहेको छ ।
- हाल १५-६० वर्ष उमेर समूहको साक्षरता ८५ प्रतिशत पुगेको छ ।
- साक्षरता घोषणा हुन बाँकी १३ जिल्लाका १५८ ओटा स्थानीय तहमा साक्षरताका १२ ओटा सूचकहरूको आधारमा साक्षरताका कार्यक्रमहरू सञ्चालन भएको र सरोकारवालाहरूसँगको अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन भएको छ । यसका साथै प्रस्तावनाको आधारमा बाँकी स्थानीय तहमा लागत साझेदारितामा आधारित प्रोत्साहन अनुदानसमेत प्रदान गरिदै आएको छ ।

### ख) *वैकल्पिक शैक्षिक कार्यक्रम*

आधारभूत तहको विद्यालय शिक्षाको अवसरबाट वञ्चित बालबालिकाहरूका लागि विभिन्न वैकल्पिक शैक्षिक कार्यक्रमहरू सञ्चालन भई आएका छन् ।

- हाल नेपालमा १७१ ओटा अनौपचारिक विद्यालयहरू, ३७ ओटा विद्यालयमा खुला शैक्षिक कार्यक्रम र २,१५१ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् ।
- विद्यालयबाहिर रहेका बालबालिकाहरूका लागि लक्षित गरी अनौपचारिक शिक्षा तर्फको तह १-३ को संश्लेषित पाठ्यक्रम, सिकाइ सामग्रीहरू, सहजकर्ता मार्गदर्शन विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।
- सामुदायिक सिकाइ केन्द्रहरूको कार्यमा प्रभावकारिता ल्याउनका लागि शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

### ग) *अनौपचारिक शिक्षा तथा खुला सिकाइ*

- विद्यालयबाहिर रहेका माध्यमिक तहको विद्यालय उमेर समूहका किशोर किशोरीहरूलाई शिक्षाको मूलप्रवाहीकरणमा ल्याउन अनौपचारिक शिक्षा तथा खुला सिकाइ कार्यक्रम अन्तर्गत ८४ ओटा सामुदायिक विद्यालयहरूमा माध्यमिक तहको १ वर्षे खुला सिकाइको कार्यक्रम सञ्चालनमा छ । जसका लागि संश्लेषित पाठ्यक्रम तथा सिकाइ सामग्रीहरू विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।

### घ) *अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप*

- नेपाल सरकारबाट मिति २०७७ वैशाख २१ मा राष्ट्रिय योग्यता प्रारूपको मूलढाँचा स्वीकृत भएको छ ।
- सोही मूलढाँचाको आधारमा अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भई मिति २०८० वैशाख २० गते राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत गरिएको छ ।
- अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले उल्लेख गरेका सक्षमता र सिकाइका क्षेत्रहरूको आधारमा तह ४ सम्मका विभिन्न सिकाइ सामग्रीहरू विकास, परीक्षण, प्रबोधीकरण र अन्तिमीकरण गर्ने कार्य भइरहेको छ ।
- अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन गर्नका लागि प्रारूप कार्यान्वयन कार्यविधि, प्रारूप कार्यान्वयन विस्तृत प्रतिवेदन, प्रारूप कार्यान्वयन कार्ययोजनासमेत तयार गरिएको छ ।
- सामुदायिक सिकाइ केन्द्र, परम्परागत शिक्षण संस्था तथा अनौपचारिक तथा आजीवन

सिकाइका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन एवम् व्यवस्थापन गर्नका लागि मापदण्डहरूसमेत जारी गरिएको छ।

- नेपालको सन्दर्भमा साक्षरता शिक्षा, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पुनः परिभाषित गर्नुपर्ने कुरालाई मध्यनजर गर्दै अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको राष्ट्रिय कार्यढाँचाको समेत मस्यौदा तयार गरिएको छ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि यो सहजीकरण पुस्तिका तयार गरिएको छ।

## ३. सन्दर्भ र औचित्य

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ५ वर्ष माथिको जम्मा जनसङ्ख्या २,६७,२५,२९५ रहेको छ। उक्त जनसङ्ख्यामध्ये २,०३,७७,९८० अर्थात ७६.२ प्रतिशत मात्र साक्षर रहेका छन्। आधारभूत तह र माध्यमिक तहको खुद भर्ना दर क्रमशः ९६.१ र ५४ प्रतिशत रहेको छ। त्यसै गरी आधारभूत तह पूरा गर्ने दर ७७.१ प्रतिशत रहेको छ (IEMIS २०२२/२३)।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा प्रकाशित नासा रिपोर्ट २०२० का अनुसार आधारभूत तहमा गणित, विज्ञान र नेपाली विषयको औषत सिकाइ उपलब्धि क्रमशः ३२.१%, ३७.७% र ५८.८% रहेको छ भने ५१.५% ले मात्र आधारभूत तहको सिकाइ सक्षमता हासिल गरेको देखिन्छ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा विदेश जाने युवा युवतीको सङ्ख्या ७ लाख ७१ हजारभन्दा बढी रहेको देखिन्छ। युवालाई देशभर प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप उपलब्ध गराउने, युवालाई उद्यम व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्ने, परम्परागत पेसा र व्यवसायको जगेर्ना गर्दै व्यवसायीकरणमा युवालाई सहयोग गर्ने, युवामैत्री उद्यमशीलतासम्बन्धी परामर्श सेवा प्रदान गर्ने, वैदेशिक अध्ययन तथा रोजगारीबाट सिकेका ज्ञान, सिप, प्रविधि, पुँजी र अनुभवलाई देशमै उत्पादनमूलक क्षेत्रमा लगाउने वातावरण सिर्जना गर्न सकेमा देश विकास गर्न सकिने देखिन्छ।

यसै सन्दर्भलाई मध्यजनर गर्दै नेपालमा विद्यालयबाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक र अनौपचारिक तथा खुला सिकाइको माध्यमबाट युवा युवती तथा प्रौढका लागि आजीवन सिकाइ अन्तर्गतका कार्यक्रम सञ्चालनमा आएका छन्। औपचारिक शिक्षाबाट प्राप्त ज्ञान, सिप र क्षमतालाई पहिचान र प्रमाणीकरण गर्ने व्यवस्थाको थालनी गरिएको छ। औपचारिक शिक्षाको संरचनाभन्दा बाहिर अनौपचारिक शिक्षा एवम् आफ्ना पेसा व्यवसायजन्य अनुभव तथा स्वआर्जित ज्ञानबाट व्यक्तिले सिकेका ज्ञान, सिप र क्षमतालाई पहिचान तथा प्रमाणीकरणको व्यवस्था संस्थागत

भइनसकेको अवस्था छ । यसबाट नेपाली नागरिकहरू स्वदेश तथा विदेशको श्रम बजारमा उचित सम्मान र अवसरबाट वञ्चित हुनुपरेको छ । अनौपचारिक ढाँचाबाट सिकाइ प्रक्रियामा सहभागी बन्न चाहने सिकारुलाई उमेर, रुचि, सक्षमता र अवस्थाअनुकूलको सिकाइ अवसर प्रदान गर्न र कुनै पनि तरिकाबाट आर्जित ज्ञान, सिप र क्षमता निश्चित विधि र पद्धतिका आधारमा प्रमाणीकरण गर्न राष्ट्रिय योग्यता प्रारूपअनुसारका कार्यहरूको थालनी भएको छ ।

परिच्छेद २

# अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था

**"समृद्ध नेपाल सुखी नेपाली"** को साझा राष्ट्रिय आकाङ्क्षा तथा नागरिकको शिक्षा पाउने संवैधानिक अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो। दिगो विकास लक्ष्य प्राप्ति, मानव अधिकार तथा बाल अधिकारलगायतका अन्य अधिकारमा आधारित अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिमा नेपालले जनाएका प्रतिबद्धता पूरा गर्नुपर्ने अवस्था रहेको छ। यसका लागि औपचारिक, अनौपचारिक तथा आजीवन सिकाइलाई थप व्यवस्थित गर्नुपर्ने हुन्छ।

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित विद्यमान कानुन, नीति, योजना तथा कार्यक्रममा भएको प्रावधानलाई देहायबमोजिम उल्लेख गरिएको छ।

## १. नेपालको संविधान

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा परिभाषित गरेको छ। आधारभूत शिक्षामा सबै नागरिकको पहुँचको विस्तार, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ।

## २. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले संविधान प्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्ने कानुनी प्रबन्ध गरेको छ। तोकिएबमोजिमको परीक्षामा सहभागी भई प्रमाणपत्र पाउन वैकल्पिक र अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ। ऐनको दफा १९ (१) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्बत् २०८५ साल वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति राज्यबाट प्रदान गरिने अवसरबाट वञ्चित हुने कुरा उल्लेख गरिएको छ।

## ३. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले स्थानीय तहले कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय

उमेर समूहका बालबालिकालाई राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा तयार पारिएको वैकल्पिक शिक्षाको पाठ्यक्रमको आधारमा आधारभूत तहको वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी आधारभूत तहको वैकल्पिक शिक्षालाई तह एक, तह दुई र तह तीनमा स्तरीकरण गरी विद्यालयमा भर्ना भई छाडेको बालबालिकाको हकमा निजले बिचैमा छोडेको कक्षा र निजको उमेर अवस्था समेतलाई विचार गरी त्यस्तो वैकल्पिक शिक्षाको मिल्दो तहमा सहभागी गराउनेसमेत व्यवस्था गरेको छ। माध्यमिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिलाई लक्षित गरी कक्षा नौदेखि बाह्रसम्म वा सो सरहको माध्यमिक शिक्षा अनौपचारिक तथा खुला सिकाइको माध्यबाट शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ।

## ४. राष्ट्रिय शिक्षा नीति, २०७६

राष्ट्रिय शिक्षा नीति २०७६ मा औपचारिक (Formal), अनौपचारिक (Non-Formal), र अरीतिक (Informal) शिक्षाबिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने उद्देश्य लिएको छ। उक्त उद्देश्य प्राप्तिका लागि अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने नीति लिइएको छ। नीति कार्यान्वयनका लागि साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्ने, राष्ट्रिय योग्यता प्रारूपका आधारमा सिकाइ सञ्चिति (Credit Banking), सिकाइ सारण (Credit Transfer) को प्रणाली लागु गर्ने, औपचारिक तथा अनौपचारिक रूपमा प्राप्त गरेको सिपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने रणनीति तय गरिएको छ।

## ५. पन्ध्रौँ योजना (२०७६/०७७-२०८०/०८१)

सिकाइका सबै विधि र मार्ग खुला गर्दै राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका गतिशीलता र पारगम्यताको सिद्धान्तका आधारमा शिक्षा, तालिम, सिप र सिकाइको योग्यता निर्धारण गर्ने रणनीति तय गरिएको छ। रणनीति कार्यान्वयनका लागि औपचारिक, अनौपचारिक र अरीतिक माध्यमबाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइका सबै विधि र मार्ग खुला गर्न राष्ट्रिय योग्यता प्रणाली विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सिपको अभिलेखीकरण, सिप परीक्षण र प्रमाणीकरणका लागि कार्यविधि, प्रक्रिया र संयन्त्र सुदृढ गर्ने व्यवस्था गरिएको छ।

## ६. सोह्रौँ योजनाको अवधारणापत्र

सोह्रौँ योजनाको अवधारणापत्रमा अनिवार्य र स्वाध्याय तथा सिकाइ समय निर्धारण र कार्य संस्कृतिको विकास गर्ने उल्लेख भएको छ।

## ७. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरण गरी निर्दिष्ट औपचारिक शिक्षाभित्रको कक्षामा प्रवेश गर्न पाउने अवसर खुला गरिने नीति राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको छ। त्यसैगरी, विविध कारणबाट शैक्षिक अवसर प्राप्त गर्न नसकेका विद्यालय उमेर समूहका बालबालिकालाई खुला शिक्षाको व्यवस्था गरी औपचारिक शिक्षासरहकै विद्यालय शिक्षा लिन पाउने संस्थागत विकास गर्न सकिने प्रावधान रहेको छ। शिक्षा सञ्चालनका लागि विषयगत पाठ्यक्रमलाई निर्दिष्ट उद्देश्य तथा सिकाइ उपलब्धि हासिल हुने गरी विद्यार्थीको उमेर र पूर्व अनुभवसमेत समेटी लचिलो (Flexible) बनाउन सकिने नीतिगत व्यवस्था रहेको छ।

## ८. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०

अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८० को उद्देश्य अनौपचारिक विधि तथा प्रक्रिया अवलम्बन गरी लचकताका साथ शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने रहेको छ। साथै वैकल्पिक रूपमा हासिल गरेका ज्ञान, सिप तथा दक्षता परीक्षण गरी समकक्षता प्रदान गर्ने, विभिन्न कारणबाट औपचारिक शिक्षाको शैक्षिक अवसरबाट बञ्चित नागरिकतालाई सहज शैक्षिक अवसर प्रदान गरी प्रमाणीकरणको अभावमा हुने शैक्षिक विभेदको अवस्थालाई अन्त्य गर्ने, अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षा वा प्राविधिक शिक्षामा र औपचारिक शिक्षाबाट अनौपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने उद्देश्य यस प्रारूपमा रहेको छ। त्यसैगरी, प्रारूपको थप उद्देश्यमा निरन्तर सिकाइ तथा वृद्धि विकासका लागि अत्यावश्यक ज्ञान तथा सिप प्रदान गरी व्यक्तिको गुणस्तरीय जीवनयापनमा सहयोग गर्ने र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममा एकरूपता र वैधता कायम गरी निरन्तर रूपमा शिक्षा र सिप विकासका अवसर अभिवृद्धि गर्ने समेत रहेका छन्।

## ९. विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१-२०३०)

विद्यालय शिक्षा क्षेत्र योजनाले सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ। यो उद्देश्य प्राप्तिका लागि योजनाले राष्ट्रिय योग्यता प्रारूपको आधारमा अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञान र सिपको परीक्षण गर्ने र औपचारिक र अनौपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार गर्ने रणनीति तय गरेको छ।

## १०. दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)

सबैका लागि समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसर प्रवर्धन गर्ने उद्देश्य दिगो विकास लक्ष्य ४ ले लिएको छ । सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष प्रौढले साक्षरता र गणितीय सिप हासिल गरेको सुनिश्चित गर्ने लक्ष्य ४ मा समावेश छ ।

## ११. साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्र

पन्ध्र वर्ष र सोभन्दा माथिको उमेर समूहका सबै नेपाली नागरिकलाई न्यूनतम साक्षरताको अवसर प्रदान गरी साक्षर नेपाल घोषणा गर्ने र सबै नेपाली नागरिकका लागि आजीवन सिकाइको आधार तयार गर्ने उद्देश्य साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्रमा उल्लेख भएको छ ।

परिच्छेद ३

# अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको उद्देश्य तथा सिकाइका स्वरूप

## १. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका उद्देश्य

(क) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्नु,

(ख) विद्यालय शिक्षाको अवसर नपाएका, बिचैमा विद्यालय छाडेका र इच्छुक व्यक्तिको आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई निरन्तरता दिनु,

(ग) सबैका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाइ संस्कृतिको प्रवर्धन गर्नु,

(घ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको व्यवस्थापन गर्नु।

## २. सिकाइका स्वरूप

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका स्वरूप देहायबमोजिम छन् :

१) **साक्षरता कार्यक्रमः** स्थानीय तहले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने निरक्षर नागरिकका लागि साक्षरताका कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। स्थानीय तहले साक्षरता कार्यक्रम सञ्चालन गर्दा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक आदि परिचालन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२) **वैकल्पिक शैक्षिक कार्यक्रम:** कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई संश्लेषित पाठ्यक्रमको आधारमा आधारभूत तह तीनसम्म देहायबमोजिमको वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ:

| तह र कक्षा | सञ्चालन अवधि |
|---|---|
| तह एक (कक्षा १-३) | एक वर्ष |
| तह दुई (कक्षा ४-५) | एक वर्ष |
| तह तीन (कक्षा ६-८) | दुई वर्ष |

विद्यालयमा भर्ना नभएका बालबालिकाले आधारभूत तहको सबै तहको वैकल्पिक शिक्षा पूरा गरेको हुनुपर्ने छ। वैकल्पिक शिक्षाको कार्यक्रम पूरा गरेका बालबालिकालाई त्यस्तो कार्यक्रम

पूरा गरेको तहको आधारमा सोभन्दा माथिल्लो कक्षा वा तहमा विद्यालयले भर्ना गर्नुपर्ने छ। आधारभूत तहको शिक्षा पूरा गरेको प्रमाणपत्र प्राप्त गर्नका लागि स्थानीय तहबाट सञ्चालित आधारभूत तहको अन्तिम परीक्षामा सहभागी भई सिकाइ उपलब्धि हासिल गरेको हुनुपर्ने छ।

ग. **अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम:** माध्यमिक शिक्षाको अवसरबाट बञ्चित व्यक्तिलाई लक्षित गरी माध्यमिक तह (तह चार र तह पाँच) सम्म देहायबमोजिम अनौपचारिक वा खुला शैक्षिक कार्यक्रम सञ्चालन हुनेछन्:

| तह र कक्षा | सञ्चालन अवधि |
|---|---|
| तह चार (कक्षा ९-१०) | एक वर्ष |
| तह पाँच (कक्षा ११-१२) | एक वर्ष |

घ. **आजीवन सिकाइ:** यस अन्तर्गत आधारभूत तथा माध्यमिक तहको शिक्षाको अवसर नपाएका १५ वर्ष उमेर माथिका युवा, युवती, किशोर, किशोरी तथा प्रौढको लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रमले व्यवस्था गरे अनुसार तह एकदेखि तह पाँचसम्मका कार्यक्रम सञ्चालन हुने छन्। तर कुनै निर्धारित समयावधि अगावै सिकारुले सक्षमता हासिल गरेमा मूल्याङ्कनमा सहभागी भई माथिल्लो तहमा औपचारिक वा अनौपचारिक शिक्षामा प्रवेश गर्ने व्यवस्था गर्न सकिने छ। आजीवन सिकाइ अन्तर्गत भाषा र सञ्चार, व्यवहारिक समस्या समाधान, जीवन, जगत र प्रविधि, सामाजिक व्यवहार र मूल्यमान्यता, स्वस्थ्य जीवनशैली र सिर्जनात्मकता, साक्षरता सिप, पारिवारिक शिक्षा, जीवनोपयोगी तालिम, सिप विकास तालिम, पेसागत वृत्ति विकास, विशेष शिक्षा कार्यक्रम, सामुदायिक विकास तालिम, नागरिक तथा नैतिक शिक्षा, शैक्षिक योग्यता अभिवृद्धि कार्यक्रम, सिर्जनात्मक क्षमता विकास कार्यक्रम, सामाजिक तथा सांस्कृतिक कार्यक्रम, सक्षमतामा आधारित छोटा अवधिका तालिम, कार्यथलो/पेसा, व्यवसाय/उद्योगमा आधारित तालिमसहितका कार्यक्रम सञ्चालन गर्न सकिने छ।

परिच्छेद ४

# अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम कार्यान्वयन प्रक्रिया

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रममा सिकारुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न, कार्यक्रमबाट गुणस्तर सुनश्चित गर्न र कार्यक्रम कार्यान्वयनमा लचकता कायम गरी सिकारुमा तोकिएबमोजिमका सक्षमता हासिल गराउनु यस सहजीकरण पुस्तिकाको मुख्य उद्देश्य रहेको छ ।

## १. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रक्रिया

### *क. साक्षरता कार्यक्रम*

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| १ | साक्षरता | साक्षरता सिकाइ | १. स्थानीय तहले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने निरक्षर नागरिकका लागि साक्षरताका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>२. स्थानीय तहले साक्षरता कार्यक्रम सञ्चालन गर्दा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक आदि परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>३. १५ देखि ६० वर्ष उमेर समूहका व्यक्तिहरूले साक्षर हुनका लागि साक्षरतासम्बन्धी देहायका १२ ओटा सूचकहरूमध्ये कम्तीमा पनि ५० प्रतिशत सूचक प्राप्त गरेको हुनुपर्ने ।<br>• राष्ट्रभाषा वा मातृभाषाका वर्ण र अक्षर पढ्न र लेख्न<br>• नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बिल पढ्न<br>• आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न पढ्न<br>• मोबाइल र क्यालकुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्न<br>• ० देखि ९ सम्मका अङ्क अक्षर लेख्न<br>• १ देखि १०० सम्म गणना गर्न |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • लेनदेनका हरहिसाब राख्न<br>• सरल चित्र, पोष्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न<br>• सामुदायिक कार्यक्रममा आफ्नो विचारसहित सक्रिय सहभागिता देखाउन<br>• घडी हेरेर समय बताउन<br>• भित्तेपात्रो हेरी तिथिमिति बताउन<br>• बैङ्क भौचर भर्न र चेकको प्रयोग गर्न<br>४. स्थानीय तहले आफ्नो सेवाक्षेत्र भित्रका निरक्षर नागरिकहरूलाई साक्षर बनाउने प्रयोजनका लागि उपर्युक्त बमोजिमका सूचकहरूको आधारमा विकास भएका सिकाइ सामग्रीहरू प्रयोग गर्नुपर्ने अथवा स्थानीय तहले आवश्यकताअनुसार विकास गर्नुपर्ने ।<br>५. स्थानीय तहले गाउँपालिका/नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने तोकिएको उमेर समूह (१५-६०) को ९५ प्रतिशत जनसङ्ख्या साक्षर भएको अवस्थामा साक्षर भएको घोषणा गर्नुपर्ने ।<br>६. साक्षर भएका नागरिकहरूका लागि स्थानीय तहले आवश्यकता अनुसारका अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।<br>७. साविकका कृषि, पशु, वन, घरेलु तथा साना उद्योग, महिला तथा बालबालिका कार्यालयअन्तर्गत गठित उपभोक्ता तथा लक्षित समूहमा साक्षरतासहितको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>८. स्थानीय तहले समुदायमा आधारित सङ्घ/संस्थाका निरक्षर सदस्यलाई साक्षर बनाउन सम्बन्धित सङ्घ/संस्थालाई पनि जिम्मेवार बनाउने । |

## ख. *वैकल्पिक शैक्षिक कार्यक्रम (तह १-३)*

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| १ | सिकाइ व्यवस्थापन | पाठ्यक्रम | • कार्यक्रम सञ्चालन गर्ने संस्थाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएको तह १ देखि तह ३ सम्मको संश्लेषित पाठ्यक्रम प्रयोग गर्ने । |
| | | सिकाइ भार | • तह १ मा प्रत्यक्ष तर्फ २०८ कार्यघण्टा र स्वनिर्देशित तर्फ ६२४ कार्यघण्टा बराबरको सिकाइभार पूरा गरेको हुनुपर्ने ।<br>• तह २ र तह ३ मा प्रत्यक्ष तर्फ २५६ कार्यघण्टा र स्वनिर्देशित तर्फ ७६८ कार्यघण्टा बराबरको सिकाइ भार पूरा गरेको हुनुपर्ने । |
| | | सिकाइ सामग्री | • शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार भएको तह १, तह २ र तह ३ को संश्लेषित पाठ्यक्रमका आधारमा विकास गरिएका सिकाइ सामग्री प्रयोग गर्ने ।<br>• स्थानीय तहले आफैँ विकास गरेका वा स्थानीय तहले अनुमति प्रदान गरेका सिकाइ सामग्रीलाई सिकाइका थप सामग्रीको रूपमा प्रयोग गर्न सकिने ।<br>• विकास साझेदार समेतको सहकार्यमा स्थानीय तहले पाठ्यक्रम तथा सिकाइ सामग्री सिकारुको पहुँचमा पुऱ्याउनुपर्ने । |
| | | सिकाइ सहजीकरण विधि | • प्रत्यक्ष साक्षात्कार कक्षा र परियोजना विधि अपनाई शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्ने ।<br>• संश्लेषित पाठ्यक्रम कार्यान्वयन गर्दा कुल कार्य घण्टाको पच्चिस प्रतिशत भारको प्रत्यक्ष साक्षात्कार कक्षा सञ्चालन गर्नुपर्ने ।<br>• सिकाइ सहजीकरण गर्दा प्रत्यक्ष सम्पर्क सत्र, दूर तथा खुला सिकाइ, परियोजना कार्य, स्वःअध्ययन, अनुभव आदान प्रदान, घटना अध्ययन, सिर्जनात्मक अभ्यास, सामाजिक बहस तथा अन्तरक्रिया, सामुदायिक कार्य जस्ता विविध सिकाइ विधिहरू अवलम्बन गर्नुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
| --- | --- | --- | --- |
| | | | • सिकाइ विधि छनोट तथा प्रयोग गर्दा सिकारुमैत्री तथा अपाङ्गता भएका व्यक्तिहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गर्नुपर्ने ।<br>• सिकाइमा सिकारुलाई स्वःप्रतिविम्बन गर्ने पर्याप्त अवसर प्रदान गर्नुपर्ने ।<br>• सिकारुको दैनिक जीवनसँग जोड्दै सिकाइको अभ्यास गर्ने पर्याप्त अवसर प्रदान गर्नुपर्ने ।<br>• सामाजिक सञ्जाललाई सिकारु–सिकारु तथा सिकारु–सहजकर्ताबिच नियमित अन्तरक्रिया गर्ने माध्यमका रूपमा प्रयोग गर्न सकिने । यस्तो प्रयोगमा सिकारु र सहजकर्ता दुवैको सुरक्षा र बचाउलाई ध्यान दिनुपर्ने छ । |
| | | सिकाइ मूल्याङ्कन | • सिकारुको मूल्याङ्कन विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्थाअनुसार हुनुपर्ने ।<br>• तह १ को मूल्याङ्कन सत् प्रतिशत निरन्तर मूल्याङ्कन प्रणालीको आधारमा, तह २ र तह ३ को मूल्याङ्कन ५० प्रतिशत निरन्तर र ५० प्रतिशत वाह्य मूल्याङ्कनको आधारमा गर्नुपर्ने ।<br>• प्रत्येक सिकारुको कार्यसञ्चयिका (Portfolio) फाइल तयार गरी सिकाइ मूल्याङ्कनको आधार बनाउने ।<br>• तह ३ का सिकारुको अन्तिम मूल्याङ्कनका लागि स्थानीय तहसँगको समन्वयमा नजिकैको मातृविद्यालयमा सहभागी गराउने । |
| | | सिकारु प्रवेश (भर्ना) | • सिकाइ केन्द्रमा प्रवेश हुने सिकारु विद्यालय उमेर समूहको र विद्यालयबाहिर रहेको हुनुपर्ने ।<br>• सम्बन्धित स्थानीय तह वा मातृविद्यालयले विद्यालयबाहिर रहेको प्रमाणित गरेको हुनुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • विद्यालबाहिर रहेका सिकारुलाई सम्बन्धित स्थानीय तहले विद्यालय वा पायक पर्ने सिकाइ केन्द्रमा प्रवेश गराउनुपर्ने ।<br>• सिकारुलाई विद्यालयले वा सिकाइ केन्द्रले क्षमता मापन गरी तह १, २ वा ३ मा प्रवेश गराउनुपर्ने ।<br>• तह पूरा गरेका सिकारूलाई औपचारिक शिक्षाको माथिल्लो तहमा प्रवेशका लागि उत्प्रेरित गर्नुपर्ने । यदि कुनै कारणबश औपचारिक शिक्षामा प्रवेश गराउन बाधा भएमा सिकाइ केन्द्रको माथिल्लो तहमा प्रवेश गराउन सकिने ।<br>• विद्यालयमा भर्ना नभएका सिकारुले आधारभूत तहका सबै तहको वैकल्पिक शिक्षा पूरा गरेको हुनुपर्ने ।<br>• आधारभूत तहको शिक्षा पूरा गरेको प्रमाणपत्र प्राप्त गर्नका लागि स्थानीय तहबाट सञ्चालित आधारभूत तहको अन्तिम परीक्षामा सहभागी भई सिकाइ उपलब्धि हासिल गरेको हुनुपर्ने ।<br>• सिकाइ सक्षमता मापनका लागि विद्यालय वा सिकाइ केन्द्रले प्रक्रिया निर्धारण गर्नुपर्ने ।<br>• स्थानीय तहले समुदाय स्तरमा गैरसरकारी संस्थाहरूको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>• सिकारु, सहजकर्ता तथा सरोकारवालाको क्षमता विकास, नेतृत्व विकास तथा सामाजिक रूपान्तरणका लागि स्थानीय तहले गैरसरकारी संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्ने ।<br>• तह ३ पूरा गरेका सिकारुहरू तह ४ मा सहभागी हुनका लागि कम्तीमा २ वर्ष सिकाइ पूरा भएको हुनुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | आपत्कालीन अवस्थामा सिकाइ व्यवस्थापन | • विपद् तथा महामारीका समयमा पनि निरन्तर रूपमा सिकाइ हुनुपर्ने ।<br>• आपत्कालीन अवस्थामा डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्नुपर्ने ।<br>• रेडियो तथा टेलिभिजनमा आधारित शैक्षिक सामग्रीको विकास तथा पूर्व विकसित सामग्रीको प्रयोग गर्ने ।<br>• समुदाय तहमा सिकाइ समूह गठन तथा परिचालन गरी सामाजिक रूपमा सक्रिय युवा क्लव तथा जुनियर रेडक्रस सर्कल जस्ता सामाजिक सञ्जालको परिचालन गरी सिकाइलाई निरन्तरता दिने । |
| | | सिकाइ सुधार कार्यक्रम | • विपद् तथा महामारीका कारण विद्यालयबाट पढाइ छाडेका बालबालिका वा सिकारुहरूका लागि सिकाइको खाडल पूरा गर्नका लागि Catchup program सञ्चालन गर्ने । |
| | | उपचारात्मक सिकाइ | • तोकिएबमोजिमका सिकाइ सक्षमता हासिल गर्न नसक्ने सिकारुका लागि थप सिकाइको अवसर प्रदान गर्न आवश्यकताअनुसार उपचारात्मक सिकाइका कार्यक्रम सञ्चालन गर्नुपर्ने । |
| २ | मानव स्रोत व्यवस्थापन | सहजकर्ता नियुक्ति र तालिम | • सहजकर्ताको व्यवस्था गर्ने मुख्य जिम्मेवारी स्थानीय तहको हुने । आवश्यकताअनुसार सिकाइ केन्द्र वा विकास साझेदारले समेत यसमा योगदान गर्न सक्ने ।<br>• सहजकर्ताको शैक्षिक योग्यता तह १-३ का लागि कम्तीमा पनि १२ कक्षा पास वा सो सरह हुनुपर्ने ।<br>• सम्बन्धित विषयमा विशेष व्यावसायिक वा पेसागत योग्यता भएकोलाई प्राथमिकता दिनुपर्ने ।<br>• सिकाइ केन्द्रको सहजकर्ता नियुक्ति र सहजकर्ताको क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था स्थानीय तहबाट हुनुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • सहजकर्ताले पाठ्यक्रम, सिकाइ सामग्री र मूल्याङ्कन प्रक्रियाको सम्बन्धमा कम्तीमा पनि ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्ने।<br>• कार्यरत सहजकर्ताका लागि कम्तीमा पनि ३ दिनको पुनर्ताजगी तालिम सञ्चालन गराउनुपर्ने।<br>• सहजकर्ताका लागि कम्तीमा सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुपर्ने।<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सहजकर्ताको नमुना तालिम सामग्री विकास गरी उपलब्ध गराउने। |
| | | सहजकर्ताको भूमिका | • प्रत्येक विषय र पाठको सहजीकरण सिकाइ सहजीकरण मार्गदर्शनअनुसार गर्ने।<br>• सेवाक्षेत्रको बस्ती नक्साङ्कन गरी विद्यालयबाहिर रहेका बालबालिकाको लगत तयार गर्ने।<br>• विद्यालयबाहिर भएका बालबालिकाहरूलाई केन्द्रमा आकर्षित गर्न र सिकाइलाई निरन्तरता दिन लचिलो सिकाइ वातावरण तयार गर्ने।<br>• आवश्यकतानुसार अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>• व्यवस्थापन समितिसँग केन्द्र सञ्चालन गर्ने स्थानका बारेमा छलफल गरी आवश्यक व्यवस्थापन गर्ने।<br>• वाचनालय र पुस्तकालयको सञ्चालन र व्यवस्थापन गर्ने।<br>• समाजमा विद्यमान कुरीति, बाल विवाह, दाइजो प्रथा, छाउपडी, विभिन्न किसिमका हिंसा, छुवाछुत, लैङ्गिक तथा जातीय विभेद र दुर्व्यवहार जस्ता सवालहरूमा बालबालिका तथा किशोरकिशोरीहरूबाट पैरवी गर्दै उनीहरूको सशक्तीकरण क्षमता अभिवृद्धि गर्न सिकाइ सत्रहरू पनि समय समयमा सञ्चालन गर्ने। |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • विद्यालयको मूल्याङ्कन प्रणालीमा सहभागी हुन इच्छुक सिकारुलाई विद्यालयको परीक्षामा संलग्न गराउन सहकार्य गर्ने ।<br>• विषयगत र प्राविधिक विषयवस्तुमा मातृ विद्यालयका शिक्षकबाट सिकाइ गराउनका लागि सहयोग लिने ।<br>• विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा केन्द्रका बालबालिकाहरूको सहभागिताका लागि सहकार्य गर्ने । |
| | | व्यवस्थापन समिति | • वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्नका लागि संस्थामा व्यवस्थापन समितिको गठन गर्नुपर्ने ।<br>• विद्यालयमा वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गरेको भए सोही विद्यालयको व्यवस्थापन समितिले नै व्यवस्थापकीय कार्य गर्नुपर्ने ।<br>• सिकाइ केन्द्र वा अन्य कुनै संस्थाले कार्यक्रम सञ्चालन गरेको भए सोही संस्थाको व्यवस्थापन समितिले नै व्यवस्थापकीय जिम्मेवारी वहन गर्नुपर्ने ।<br>• आवश्यकताअनुसार व्यवस्थापन समितिले केन्द्र व्यवस्थापन उपसमिति गठन गर्न सक्ने ।<br>• नियमित विद्यालयमा वा अन्य कुनै संस्थामा सञ्चालन भएको वैकल्पिक शैक्षिक कार्यक्रममा उक्त कार्यक्रम हेर्ने संयोजक व्यवस्थापन समितिको पदेन सदस्य हुने ।<br>• वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थाको व्यवस्थापन समितिमा रहने अन्य सदस्यहरू स्थानीय तहको कानुनमा व्यवस्था भएबमोजिम हुने ।<br>• वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थाका व्यवस्थापन समितिले वैकल्पिक शैक्षिक कार्यक्रम क्षेत्रमा कार्यरत विज्ञलाई व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भएअनुसार हुने । |
| ३ | भौतिक व्यवस्थापन | सिकाइ कक्ष | • प्रत्यक्ष सहजीकरणका लागि उपयुक्त सिकाइ कक्षको व्यवस्था गर्नुपर्ने ।<br>• सिकारुको सङ्ख्याअनुसार उपयुक्त बसाइ व्यवस्था गर्ने । |
| | | शौचालय | • महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय र साबुन पानीको व्यवस्था हुनुपर्ने ।<br>• महिला शौचालयमा स्यानिटरी प्याड, स्यानेटरी प्याड विसर्जन बक्सको व्यवस्था गर्नुपर्ने । |
| | | खानेपानी | • सिकाइ केन्द्रमा शुद्ध खानेपानीको व्यवस्था गर्ने । |
| | | प्राथमिक उपचार | • सिकाइ केन्द्रमा सामग्रीसहितको प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने । |
| | | सिकाइ सामग्री व्यवस्थापन | • सिकाइ केन्द्रमा विषयगत सिकाइ कुना (Learning Corner) को व्यवस्था हुनुपर्ने ।<br>• केन्द्रमा सिकारुका लागि आवश्यक शैक्षिक तथा खेलकुदका सामग्रीको व्यवस्था हुनुपर्ने ।<br>• सिकाइ केन्द्रमा आवश्यकताअनुसार सूचना प्रविधिको व्यवस्था भएको हुनुपर्ने । |
| | | सुरक्षित सिकाइ वातावरण र संरक्षण | • सिकाइ वातावरण पूर्ण रूपमा सुरक्षित र संरक्षित हुनुपर्ने ।<br>• सहजकर्ताका लागि सुरक्षा र संरक्षणसम्बन्धी क्षमता विकास भएको हुनुपर्ने ।<br>• सिकारुको मनोसामाजिक स्वास्थ्यमा बढावा हुने गरी सहजीकरण तथा सहयोग कलाकौशल विकास गर्नुपर्ने ।<br>• सिकाइ वातावरण बालमैत्री तथा अपाङ्गतामैत्री हुनुपर्ने । |
| ४ | विविधता र समावेशीकरण | विविधता व्यवस्थापन | • सिकारुको रुचि, इच्छा, चाहना, आवश्यकता र क्षमताको आधारमा विविधताको सम्बोधन हुने गरी सिकाइको व्यवस्थापन गर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | समावेशीकरण | • सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका, सीमान्तकृत समुदायका बालबालिका, अपाङ्गता भएका र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सिकारुको आवश्यकताको सम्बोधन हुने गरी सिकाइ व्यवस्थापन गर्ने। |
| ५ | सुशासन | सुशासन र व्यवस्थापन | • केन्द्रमा गुनासो सुनुवाइको व्यवस्थापन गर्नुपर्ने।<br>• केन्द्रले गरेका काम कारवाहीको सार्वजनिकीकरण गर्नुपर्ने। |
| ६ | समन्वय र सहकार्य | सहकार्य | • केन्द्र वा संस्थाले सङ्घ, प्रदेश, स्थानीय तह, विकास साझेदार, नागरिक समाज आदिसँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सक्ने छन्। |

### *ग. अनौपचारिक तथा खुला सिकाइ (तह ४-५)*

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| १ | सिकाइ व्यवस्थापन | पाठ्यक्रम | • शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट विकास भएको तह ४ र तह ५ को संश्लेषित पाठ्यक्रमको प्रयोग गर्नुपर्ने। |
| | | सिकाइ भार | • तह ४ र तह ५ मा प्रत्यक्षतर्फ २५६ कार्यघण्टा र स्वनिर्देशित तर्फ ७६८ कार्यघण्टाबराबरको सिकाइभार पूरा गरेको हुनुपर्ने। |
| | | सिकाइ सामग्री | • तह ४ र तह ५ का लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्मित संश्लेषित पाठ्यक्रममा आधारित भई विकास गरिएका सिकाइ सामग्री प्रयोग गर्नुपर्ने।<br>• स्थानीय तहले आफैँ विकास गरेका वा स्थानीय तहले अनुमति प्रदान गरेका सिकाइ सामग्रीलाई सिकाइका थप सामग्रीको रूपमा प्रयोग गर्न सकिने।<br>• विकास साझेदारसमेतको सहकार्यमा स्थानीय तहले पाठ्यक्रम तथा सिकाइ सामग्री सिकारुको पहुँचमा पुऱ्याउनुपर्ने। |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | सिकाइ सहजीकरण विधि | • प्रत्यक्ष साक्षात्कार कक्षा र परियोजना विधि अपनाई शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्ने ।<br>• संश्लेषित पाठ्यक्रम कार्यान्वयन गर्दा कुल कार्य घण्टाको पच्चिस प्रतिशत भारको प्रत्यक्ष साक्षात्कार कक्षा सञ्चालन गर्नुपर्ने ।<br>• सिकाइ सहजीकरण गर्दा प्रत्यक्ष सम्पर्क सत्र, दूर तथा खुला सिकाइ, परियोजना कार्य, स्वःअध्ययन, अनुभव आदान प्रदान, घटना अध्ययन, सिर्जनात्मक अभ्यास, सामाजिक बहस तथा अन्तरक्रिया, सामुदायिक कार्य जस्ता विविध सिकाइ विधिहरू अवलम्बन गर्नुपर्ने ।<br>• सिकाइ विधि छनोट तथा प्रयोग गर्दा सिकारुमैत्री तथा अपाङ्गता भएका व्यक्तिहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गर्नुपर्ने ।<br>• सिकाइमा सिकारुलाई स्वःप्रतिविम्बन गर्ने पर्याप्त अवसर प्रदान गर्नुपर्ने ।<br>• सिकारुको दैनिक जीवनसँग जोड्दै सिकाइको अभ्यास गर्ने पयार्प्त अवसर प्रदान गर्नुपर्ने ।<br>• सामाजिक सञ्जाललाई सिकारु–सिकारु तथा सिकारु–सहजकर्ता बिच नियमित अन्तरक्रिया गर्ने माध्यमका रूपमा प्रयोग गर्न सकिने । यस्तो प्रयोगमा सिकारू र सहजकर्ता दुवैको सुरक्षा र बचाउलाई ध्यान दिनुपर्ने । |
| | | सिकाइ मूल्याङ्कन | • सिकारुको मूल्याङ्कन विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्थाअनुसार गर्नुपर्ने ।<br>• तह ४ र तह ५ को मूल्याङ्कन २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत वाह्य मूल्याङ्कनको आधारमा गर्नुपर्ने । |
| | | आपत्कालीन अवस्थामा सिकाइ व्यवस्थापन | • विपद् तथा महामारीका समयमा पनि निरन्तर रूपमा सिकाइ हुनुपर्ने ।<br>• आपत्कालीन अवस्थामा डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्नुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • रेडियो तथा टेलिभिजनमा आधारित शैक्षिक सामग्रीको विकास तथा पूर्व विकसित सामग्रीको प्रयोग गर्ने । <br>• समुदाय तहमा सिकाइ समूह गठन तथा परिचालन गरी सामाजिक रूपमा सक्रिय युवा क्लव तथा जुनियर रेडक्रस सर्कलजस्ता सामाजिक सञ्जालको परिचालन गरी सिकाइलाई निरन्तरता दिने । |
| | | सिकाइ सुधार कार्यक्रम | • विपद् तथा महामारीका कारण विद्यालयबाट पढाइ छाडेका बालबालिका वा सिकारुहरूका लागि सिकाइको खाडल पूरा गर्नका लागि Catchup program सञ्चालन गर्ने । |
| | | उपचारात्मक सिकाइ | • तोकिएबमोजिमका सिकाइ सक्षमता हासिल गर्न नसक्ने सिकारुका लागि थप सिकाइको अवसर प्रदान गर्न आवश्यकताअनुसार उपचारात्मक सिकाइका कार्यक्रम सञ्चालन गर्नुपर्ने । |
| २ | मानव स्रोत व्यवस्थापन | सिकारु प्रवेश (भर्ना) | • सिकारुले आफूलाई पायक पर्ने संस्थामा अभिभावक वा स्वयम् उपस्थिति भएर वा पत्राचार वा इमेल वा अनलाइनमार्फत प्रवेशका लागि आवेदन दिनुपर्ने । <br>• स्थानीय तहले समुदाय स्तरमा गैरसरकारी संस्थाहरूको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने । <br>• सिकारु, सहजकर्ता तथा सरोकारवालाको क्षमता विकास, नेतृत्व विकास तथा सामाजिक रूपान्तरणका लागि स्थानीय तहले विकास साझेदारसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्ने । <br>• सिकारु, सहजकर्ता तथा सरोकारवालाको क्षमता विकास, नेतृत्व विकास तथा सामाजिक रूपान्तरणका लागि स्थानीय तहले गैरसरकारी संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्ने । <br>• तह ४ पूरा गरेका सिकारुहरू तह ५ मा सहभागी हुनका लागि कम्तीमा १ वर्ष सिकाइ पूरा भएको हुनुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | सहजकर्ता नियुक्ति र तालिम | • सहजकर्ताको व्यवस्था गर्ने मुख्य जिम्मेवारी स्थानीय तहको हुनेछ । आवश्यकताअनुसार सिकाइ केन्द्र वा विकास साझेदारले समेत यसमा योगदान गर्न सक्ने छन् ।<br>• सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता तह ४ का लागि कम्तीमा पनि स्नातक वा सो सरह र तह ५ का लागि कम्तीमा पनि स्नातकोत्तर वा सोसरह योग्यता भएको हुनुपर्ने ।<br>• तह ४ र ५ को सहजीकरणका लागि विषयगत सहजकर्ताको व्यवस्था गर्नुपर्ने ।<br>• सम्बन्धित विषयमा विशेष व्यावसायिक वा पेसागत योग्यता भएकोलाई प्राथमिकता दिनुपर्ने ।<br>• सिकाइ केन्द्रको सहजकर्ता नियुक्ति र सहजकर्ताको क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था स्थानीय तहबाट हुनुपर्ने ।<br>• सहजकर्ताले पाठ्यक्रम, सिकाइ सामग्री र मूल्याङ्कन प्रक्रियाको सम्बन्धमा कम्तीमा पनि ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्ने ।<br>• कार्यरत सहजकर्ताका लागि कम्तीमा पनि ३ दिनको पुनर्ताजगी तालिम सञ्चालन गराउनुपर्ने ।<br>• सहजकर्ताका लागि कम्तीमा सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुपर्ने ।<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सहजकर्ताको नमुना तालिम सामग्री विकास गरी उपलब्ध गराउने । |
| | | सहजकर्ताको भूमिका | • प्रत्येक विषय र पाठको सहजीकरण सिकाइ सहजीकरण मार्गदर्शनअनुसार गर्ने ।<br>• सेवाक्षेत्रको बस्ती नक्साङ्कन गरी विद्यालयबाहिर रहेका बालबालिका र सिकारुको लगत तयार गर्ने ।<br>• सिकारुलाई केन्द्रमा आकर्षित गर्न र सिकाइलाई निरन्तरता दिन लचिलो सिकाइ वातावरण तयार गर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • आवश्यकतानुसार अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>• व्यवस्थापन समितिसँग केन्द्र सञ्चालन गर्ने स्थानका बारेमा छलफल गरी आवश्यक व्यवस्थापन गर्ने ।<br>• वाचनालय र पुस्तकालयको सञ्चालन र व्यवस्थापन गर्ने ।<br>• समाजमा विद्यमान कुरीति, बाल विवाह, दाइजो प्रथा, छाउपडी, विभिन्न किसिमका हिंसा, छुवाछुत, लैङ्गिक तथा जातीय विभेद र दुर्व्यवहार जस्ता सवालहरूमा बालबालिका तथा किशोरकिशोरीहरूबाट पैरवी गर्दै उनीहरूको सशक्तीकरण क्षमता अभिवृद्धि गर्न सिकाइ सत्रहरू पनि समय समयमा सञ्चालन गर्ने ।<br>• विद्यालयको मूल्याङ्कन प्रणालीमा सहभागी हुन इच्छुक सिकारुलाई विद्यालयको परीक्षामा संलग्न गराउन सहकार्य गर्ने ।<br>• विषयगत र प्राविधिक विषयवस्तुमा मातृ विद्यालयका शिक्षकबाट सिकाइ गराउनका लागि सहयोग लिने ।<br>• विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा केन्द्रका सिकारुहरूको सहभागिताका लागि सहकार्य गर्ने । |
| | | व्यवस्थापन समिति | • संस्थामा व्यवस्थापन समितिको गठन गर्नुपर्ने ।<br>• विद्यालयमा कार्यक्रम सञ्चालन गरेको भए सोही विद्यालयको व्यवस्थापन समितिले नै व्यवस्थापकीय कार्य गर्नुपर्ने ।<br>• सिकाइ केन्द्र वा अन्य कुनै संस्थाले कार्यक्रम सञ्चालन गरेको भए सोही संस्थाको व्यवस्थापन समितिले नै व्यवस्थापकीय जिम्मेवारी वहन गर्नुपर्ने ।<br>• आवश्यकताअनुसार व्यवस्थापन समितिले केन्द्र व्यवस्थापन उपसमिति गठन गर्न सक्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • नियमित विद्यालयमा वा अन्य कुनै संस्थामा सञ्चालन भएको कार्यक्रममा उक्त कार्यक्रम हेर्ने संयोजक व्यवस्थापन समितिको पदेन सदस्य हुने ।<br>• संस्थाको व्यवस्थापन समितिमा रहने अन्य सदस्यहरू स्थानीय तहको कानुनमा व्यवस्था भएबमोजिम हुने ।<br>• अनौपचारिक शिक्षा तथा खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाका व्यवस्थापन समितिले अनौपचारिक शिक्षाको क्षेत्रमा कार्यरत विज्ञलाई व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्ने ।<br>• व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भएअनुसार हुने । |
| ३ | भौतिक व्यवस्थापन | सिकाइ कक्ष | • प्रत्यक्ष सहजीकरणका लागि उपयुक्त सिकाइ कक्षको व्यवस्था गर्नुपर्ने ।<br>• सिकारुको सङ्ख्याअनुसार उपयुक्त बसाइ व्यवस्था गर्ने । |
| | | शौचालय | • महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय र साबुन पानीको व्यवस्था हुनुपर्ने ।<br>• महिला शौचालयमा स्यानिटरी प्याड, स्यानेटरी प्याड विसर्जन बक्सको व्यवस्था गर्नुपर्ने । |
| | | खानेपानी | • सिकाइ केन्द्रमा शुद्ध खानेपानीको व्यवस्था गर्ने । |
| | | प्राथमिक उपचार | • सिकाइ केन्द्रमा सामग्रीसहितको प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने । |
| | | सिकाइ सामग्री व्यवस्थापन | • सिकाइ केन्द्रमा विषयगत सिकाइ कुना (Learning Corner) को व्यवस्था हुनुपर्ने ।<br>• केन्द्रमा सिकारुको लागि आवश्यक शैक्षिक तथा खेलकुद सामग्रीको व्यवस्था हुनुपर्ने ।<br>• सिकाइ केन्द्रमा आवश्यकताअनुसार सूचना प्रविधिको व्यवस्था भएको हुनुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | सुरक्षित सिकाइ वातावरण र संरक्षण | • सिकाइ वातावरण पूर्ण रूपमा सुरक्षित र संरक्षित हुनुपर्ने ।<br>• सहजकर्ताका लागि सुरक्षा र संरक्षणसम्बन्धी क्षमता विकास भएको हुनुपर्ने ।<br>• सिकारुको मनोसामाजिक स्वास्थ्यमा बढावा हुने गरी सहजीकरण तथा सहयोग कौशल विकास गर्नुपर्ने ।<br>• सिकाइ वातावरण बाल मैत्रीपूर्ण तथा अपाङ्गतामैत्री हुनुपर्ने । |
| ४ | विविधता र समावेशीकरण | विविधता व्यवस्थापन | • सिकारुको रुचि, इच्छा, चाहना, आवश्यकता र क्षमताको आधारमा विविधताको सम्बोधन हुने गरी सिकाइको व्यवस्थापन गर्ने । |
| | | समावेशीकरण | • सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका, सीमान्तकृत समुदायका बालबालिका, विभिन्न कारणले अपाङ्गता भएका र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सिकारुको आवश्यकताको सम्बोधन हुने गरी सिकाइ व्यवस्थापन गर्ने । |
| ५ | सुशासन | सुशासन र व्यवस्थापन | • केन्द्रमा गुनासो सुनुवाइको व्यवस्थापन गर्नुपर्ने ।<br>• केन्द्रले गरेका काम कारवाहीको सार्वजनिकीकरण गर्नुपर्ने । |
| ६ | समन्वय र सहकार्य | सहकार्य | • केन्द्र वा संस्थाले सङ्घ, प्रदेश, स्थानीय तह, विकास साझेदार, नागरिक समाज आदिसँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सक्ने । |

## घ. *आजीवन सिकाइसम्बन्धी (राष्ट्रिय योग्यता प्रारूप) कार्यक्रम*

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| १ | सिकाइ व्यवस्थापन | पाठ्यक्रम | • शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेको अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८० प्रयोग गर्नुपर्ने । |
| | | सिकाइ भार | • सिकारुले स्वअध्ययनको आधारमा तोकिएका सम्बन्धित तहको तहगत सक्षमतामा आफू सक्षम भएको सुनिश्चित भएपछि सक्षमता मूल्याङ्कन गरेर कम्तीमा प्रवीण (Proficient) स्तरको सिकाइ उपलब्धि हासिल भएको हुनुपर्ने । |
| | | सिकाइ सामग्री | • तह १ देखि ५ सम्मका लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८० का आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरिएका मुख्य सिकाइ क्षेत्रका नमुना सिकाइ सामग्री प्रयोग गर्नुपर्ने ।<br>• स्थानीय तहले आफैँ विकास गरेका वा स्थानीय तहले अनुमति प्रदान गरेका सिकाइ सामग्रीलाई सिकाइका थप सामग्रीको रूपमा प्रयोग गर्न सकिने ।<br>• विकास साझेदारसमेतको सहकार्यमा स्थानीय तहले पाठ्यक्रम तथा सिकाइ सामग्री सिकारुको पहुँचमा पुर्‍याउनुपर्ने । |
| | | सिकाइ सहजीकरण विधि | • अनौपचारिक शिक्षा तर्फको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लिखित सिकाइ विधिका आधारमा सिकारुले आफ्नो ज्ञान सिपको अभिवृद्धि गर्नुपर्ने ।<br>• सिकाइ विधिको प्रयोग गर्दा सिकारुको जीवनसँग आबद्ध गरी सिकाइको अभ्यास गर्ने पर्याप्त अवसर प्रदान गर्नुपर्ने ।<br>• सामाजिक सञ्जालको शैक्षिक प्रयोग गरी सिकारु–सिकारु तथा सिकारु–सहजकर्ताबिच नियमित अन्तरक्रिया गर्ने पद्धतिलाई जोड दिनुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | सिकाइ मूल्याङ्कन | • सिकारुहरूको मूल्याङ्कन अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्थाअनुसार गर्नुपर्ने । |
| | | आपत्कालीन अवस्थामा सिकाइ व्यवस्थापन | • विपद् तथा महामारीका समयमा पनि निरन्तर रूपमा सिकाइ हुनुपर्ने ।<br>• आपत्कालीन अवस्थामा डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्नुपर्ने ।<br>• रेडियो तथा टेलिभिजनमा आधारित शैक्षिक सामग्रीको विकास तथा पूर्व विकसित सामग्रीको प्रयोग गर्ने ।<br>• समुदाय तहमा सिकाइ समूह गठन तथा परिचालन गरी सामाजिक रूपमा सक्रिय युवा क्लब तथा जुनियर रेडक्रस सर्कलजस्ता सामाजिक सञ्जालको परिचालन गरी सिकाइलाई निरन्तरता दिने । |
| | | सिकाइ सुधार कार्यक्रम | • विपद् तथा महामारीका कारण विद्यालयबाट पढाइ छाडेका बालबालिका वा सिकारुहरूका लागि सिकाइको खाडल पूरा गर्नका लागि Catchup program सञ्चालन गर्ने । |
| | | उपचारात्मक सिकाइ | • तोकिए बमोजिमका सिकाइ सक्षमता हासिल गर्न नसक्ने सिकारुका लागि थप सिकाइको अवसर प्रदान गर्न आवश्यकताअनुसार उपचारात्मक सिकाइका कार्यक्रम सञ्चालन गर्नुपर्ने । |
| २ | मानव स्रोत व्यवस्थापन | सिकारु प्रवेश (भर्ना) | • सिकारुले आफूलाई पायक पर्ने संस्थामा अभिभावक वा स्वयम् उपस्थिति भएर वा पत्राचार वा इमेल वा अनलाइनमार्फत प्रवेशका लागि आवेदन दिनुपर्ने ।<br>• स्थानीय तहले समुदाय स्तरमा गैरसरकारी संस्थाहरूको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | | • सिकारु, सहजकर्ता तथा सरोकारवालाको क्षमता विकास, नेतृत्व विकास तथा सामाजिक रूपान्तरणका लागि स्थानीय तहले विकास साझेदारसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्ने ।<br>• सिकारु, सहजकर्ता तथा सरोकारवालाको क्षमता विकास, नेतृत्व विकास तथा सामाजिक रूपान्तरणका लागि स्थानीय तहले गैरसरकारी संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्ने ।<br>• अर्को व्यवस्था नभएसम्मका लागि १५ वर्ष उमेर पूरा गरेका किशोर, किशोरी, युवा, युवती तथा प्रौढहरू यस कार्यक्रममा सहभागी हुन सक्ने छन् । |
| | | सहजकर्ता नियुक्ति र तालिम | • सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता तह १ र तह २ का लागि कम्तीमा पनि १२ कक्षा पास वा सो सरह, तह ३ र ४ का लागि कम्तीमा पनि स्नातक वा सो सरह र तह ५ का लागि कम्तीमा स्नातकोत्तर वा सोसरह योग्यता भएको वा सम्बन्धित विषयमा विशेष व्यावसायिक वा पेसागत योग्यता भएको हुनुपर्ने ।<br>• सहजकर्ताहरूले पाठ्यक्रम, सिकाइ सामग्री र मूल्याङ्कन प्रक्रियाको सम्बन्धमा कम्तीमा पनि ७ दिनको पाठ्यक्रम र सिकाइ सामग्री प्रयोगसम्बन्धी आधारभूत तालिम प्राप्त गरेको हुनुपर्ने ।<br>• सहजकर्ताका लागि सरकारले तोकेको न्यूनतम पारिश्रमिक बापतको रकम उपलब्ध गराउनुपर्ने ।<br>• यस कार्यक्रममा सहभागी हुने सिकारुका लागि स्थानीय तहले सहजकर्ताको व्यवस्था गर्न सक्ने छ । सोका लागि स्थानीय तहले सिप सिकाइ क्षेत्रअनुसार विज्ञ सूची वार्षिक रूपमा प्रकाशन गर्न सक्ने छ । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | सहजकर्ताको भूमिका | • प्रत्येक विषय, पाठ र विषयवस्तुको सहजीकरण सिकाइ सहजीकरण मार्गदर्शनअनुसार गर्ने ।<br>• सेवाक्षेत्रको बस्ती नक्साङ्कन गरी विद्यालयबाहिर रहेका बालबालिका र सिकारुको लगत तयार गर्ने ।<br>• सिकारुलाई केन्द्रमा आकर्षित गर्न र सिकाइलाई निरन्तरता दिन लचिलो सिकाइ वातावरण तयार गर्ने ।<br>• आवश्यकतानुसार अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>• व्यवस्थापन समितिसँग केन्द्र सञ्चालन गर्ने स्थानका बारेमा छलफल गरी आवश्यक व्यवस्थापन गर्ने ।<br>• वाचनालय र पुस्तकालयको सञ्चालन र व्यवस्थापन गर्ने ।<br>• समाजमा विद्यमान कुरीति, बाल विवाह, दाइजो प्रथा, छाउपडी, विभिन्न किसिमका हिंसा, छुवाछुत, लैङ्गिक तथा जातीय विभेद र दुर्व्यवहार जस्ता सवालहरूमा बालबालिका तथा किशोरकिशोरीहरूबाट पैरवी गर्दै उनीहरूको सशक्तीकरण क्षमता अभिवृद्धि गर्न सिकाइ सत्रहरू पनि समय समयमा सञ्चालन गर्ने ।<br>• विद्यालयको मूल्याङ्कन प्रणालीमा सहभागी हुन इच्छुक सिकारुलाई विद्यालयको परीक्षामा संलग्न गराउन सहकार्य गर्ने ।<br>• विषयगत र प्राविधिक विषयवस्तुमा मातृ विद्यालयका शिक्षकबाट सिकाइ गराउनका लागि सहयोग लिने ।<br>• विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा केन्द्रका बालबालिकाहरूको सहभागिताका लागि सहकार्य गर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
| --- | --- | --- | --- |
| | | व्यवस्थापन समिति | • संस्थामा व्यवस्थापन समितिको गठन गर्नुपर्ने ।<br>• विद्यालयमा कार्यक्रम सञ्चालन गरेको भए सोही विद्यालयको व्यवस्थापन समितिले नै व्यवस्थापकीय कार्य गर्नुपर्ने ।<br>• सिकाइ केन्द्र वा अन्य कुनै संस्थाले कार्यक्रम सञ्चालन गरेको भए सोही संस्थाको व्यवस्थापन समितिले नै व्यवस्थापकीय जिम्मेवारी वहन गर्नुपर्ने ।<br>• आवश्यकताअनुसार व्यवस्थापन समितिले केन्द्र व्यवस्थापन उपसमिति गठन गर्न सक्ने ।<br>• नियमित विद्यालयमा वा अन्य कुनै संस्थामा सञ्चालन भएको कार्यक्रममा उक्त कार्यक्रम हेर्ने संयोजक व्यवस्थापन समितिको पदेन सदस्य हुने ।<br>• संस्थाको व्यवस्थापन समितिमा रहने अन्य सदस्यहरू स्थानीय तहको कानुनमा व्यवस्था भए बमोजिम हुने ।<br>• यस कार्यक्रम सञ्चालन गर्ने संस्थाका व्यवस्थापन समितिले अनौपचारिक शिक्षाको क्षेत्रमा कार्यरत विज्ञलाई व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्ने ।<br>• व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भएअनुसार हुने । |
| ३ | भौतिक व्यवस्थापन | सिकाइ कक्ष | • प्रत्यक्ष सहजीकरणका लागि उपयुक्त सिकाइ कक्षको व्यवस्था गर्नुपर्ने ।<br>• सिकारुको सङ्ख्याअनुसार उपयुक्त बसाइ व्यवस्था गर्ने । |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| | | शौचालय | • महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय र साबुन पानीको व्यवस्था हुनुपर्ने।<br>• महिला शौचालयमा स्यानिटरी प्याड, स्यानेटरी प्याड विसर्जन बक्सको व्यवस्था गर्नुपर्ने। |
| | | खानेपानी | • सिकाइ केन्द्रमा शुद्ध खानेपानीको व्यवस्था गर्ने। |
| | | प्राथमिक उपचार | • सिकाइ केन्द्रमा सामग्री सहितको प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने। |
| | | सिकाइ सामग्री व्यवस्थापन | • सिकाइ केन्द्रमा विषयगत सिकाइ कुना (Learning Corner) को व्यवस्था हुनुपर्ने।<br>• केन्द्रमा सिकारुको लागि आवश्यक शैक्षिक तथा खेलकुद सामग्रीको व्यवस्था हुनुपर्ने।<br>• सिकाइ केन्द्रमा आवश्यकताअनुसार सूचना प्रविधिको व्यवस्था भएको हुनुपर्ने। |
| | | सुरक्षित सिकाइ वातावरण र संरक्षण | • सिकाइ वातावरण पूर्ण रूपमा सुरक्षित र संरक्षित हुनुपर्ने।<br>• सहजकर्ताका लागि सुरक्षा र संरक्षणसम्बन्धी क्षमता विकास भएको हुनुपर्ने।<br>• सिकारुको मनोसामाजिक स्वास्थ्यमा बढावा हुने गरी सहजीकरण तथा सहयोग कलाकौशल विकास गर्नुपर्ने।<br>• सिकाइ वातावरण बालमैत्री तथा अपाङ्गतामैत्री हुनुपर्ने। |
| ४ | विविधता र समावेशीकरण | विविधता व्यवस्थापन | • सिकारुको रुचि, इच्छा, चाहना, आवश्यकता र क्षमताको आधारमा विविधताको सम्बोधन हुने गरी सिकाइको व्यवस्थापन गर्ने। |
| | | समावेशीकरण | • सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका, सीमान्तकृत समुदायका बालबालिका, विभिन्न कारणले अपाङ्गता भएका र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सिकारुको आवश्यकताको सम्बोधन हुने गरी सिकाइ व्यवस्थापन गर्ने। |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| ५ | सुशासन | सुशासन र व्यवस्थापन | • केन्द्रमा गुनासो सुनुवाइको व्यवस्थापन गर्नुपर्ने।<br>• केन्द्रले गरेका काम कारवाहीको सार्वजनिकीकरण गर्नुपर्ने। |
| ६. | मान्यता एवम् प्रमाणीकरण | सूचना प्रकाशन | • कार्यक्रम सञ्चालन गर्ने संस्थाले सिकारुको तहगत ज्ञान सिपको परीक्षण प्रयोजनार्थ मापदण्डमा उल्लेख भएको समयअनुसार सूचना प्रकाशन गर्नुपर्ने। |
| | | तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन | • अनौपचारिक शिक्षातर्फको शैक्षिक तथ्याङ्क पद्धतिको प्रयोग गरी तहगत ज्ञान र सिप परीक्षण प्रमाणीकरण गर्न चाहने सिकारुहरूको तथ्याङ्क सङ्कलन र व्यक्तिगत अभिलेखीकरण गर्नुपर्ने। |
| | | परीक्षण साधन विकास | • तहगत रूपमा ज्ञान र सिपको परीक्षणका लागि आवश्यक नमुना प्रश्न बैंकको व्यवस्था शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्ने छ।<br>• सो नमुना ढाँचाका आधारमा परीक्षण र प्रमाणीकरण गर्ने निकायले आवश्यक प्रश्न प्रत्रको विकास गर्ने।<br>• परीक्षाको सञ्चालन तथा उत्तर पुस्तिककाको अङ्कन परीक्षा सञ्चालन गर्ने निकायको कार्यविधिअनुसार हुनुपर्ने। |
| | | परीक्षण र प्रमाणीकरण | • अनौपचारिक शिक्षातर्फको राष्ट्रिय योग्यता पाठ्यक्रम प्रारूपमा उल्लेख भएअनुसारका सक्षमतामा आधारित सिकारुको ज्ञान र सिपको परीक्षण र प्रमाणीकरण भएको हुनुपर्ने।<br>• तह एकदेखि तह पाँचसम्मको सिकाइ मूल्याङ्कनको प्रमाणीकरण वर्तमान व्यवस्था अनुसार हुनेछ । तर राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयनपश्चात् प्रारूपले तोकेको संरचना र पद्धतिअनुसार प्रमाणीकरण गर्नुपर्ने।<br>• सिपतर्फको परीक्षण व्यवसायिक शिक्षा तथा तालिम परिषद्ले वा सो संस्थाले तोकेको विज्ञबाट हुने। |

| क्रस | क्षेत्र | पक्ष | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| ७ | समन्वय र सहकार्य | सहकार्य | • केन्द्र वा संस्थाले सङ्घ, प्रदेश, स्थानीय तह, विकास साझेदार, नागरिक समाज आदिसँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सक्ने छन्। |
| ८ | अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन | अनुगमन र मूल्याङ्कन | • सम्बन्धित सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिबाट सामुदायिक सिकाइ केन्द्रको नियमित अनुगमन गर्ने र सोको अभिलेख राख्नुपर्ने।<br>• स्थानीय तह, प्रदेश स्तर र संघबाट सञ्चालन हुने कार्यक्रमको हकमा एकल वा सयुक्त रूपमा अनुगमन तथा मूल्याङ्कन हुनुपर्ने। |
| | | प्रतिवेदन | • कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन त्रैमासिक र वार्षिक रूपमा सामुदायिक सिकाइ केन्द्रले स्थानीय तहलाई, स्थानीय तहले प्रदेश र प्रदेशले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई अनलाइन माध्यमबाट उपलब्ध गराउनुपर्ने। |

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर